Regd. No. 38467/062/063
PAN: 302087624

# Ngadi Group Power Ltd.
## ङादी ग्रुप पावर लि.

च.नं. १०

मिति २०८१/०५/२०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्ती मार्ग, भद्रकाली, काठमाण्डौं ।

श्री विद्युत नियमन आयोग,
सानोगौचरण, काठमाण्डौं ।

श्री सिद्वार्थ क्यापिटल लिमिटेड,
नक्साल, काठमाण्डौं ।

विषय : जानकारी गराएको बारे ।

महोदय,

उपरोक्त विषयमा यस ङादी ग्रुप पावर लिमिटेड कम्पनीको मिति २०८१/०५/१८ गते विहान ९:३० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ.व.२०८०/०८१ को वार्षिक साधारण सभा मिति २०८१/०६/१३ गते (तदनुसार सेप्टेम्वर २९, २०२४) गर्ने निर्णय भएको तथा बार्षिक साधारण सभाका लागि मिति २०८१/०५/३१ गते सोमबार बुकक्लोज मिति तोक्ने निर्णय भएको व्यहोरा अनुरोध छ । साथै सो सूचना मिति २०८१/०५/२० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

.....................
कम्पनी सचिव

# ङादी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, महाराजगञ्ज, काठमाडौं, फोन नं. ०१-५७०५१५९, ५७०५६०८

## एघारौ वार्षिक साधारणसभा सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२०

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८१/०५/१८ मा सम्पन्न संचालक समिति बैठकको निर्णय बमोजिम यस ङादी ग्रुप पावर लि.को एघारौ वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय**

**स्थान** : लर्ड पार्टी भेन्यू, धुम्वाराही चोक, काठमाण्डौं।
**मिति** : २०८१/०६/१३ गते आईतबार (तद्नुसार २९ सेप्टेम्वर, २०२४)
**समय** : विहान ९:०० वजे।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८०।०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
(२) आ.व.२०८०।०८१ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने।
(३) आ.व.२०८१।०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने।
(४) आ.व.२०८०/०८१ मा संचालक समितिबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने।
(५) संस्थागत सुशासन प्रतिवेदन सम्बन्धमा।
(६) हकप्रद शेयर सम्वन्धमा।

**(ख) विशेष प्रस्ताव :**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने।
(२) गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा।
(३) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा नियामक निकायवाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव प्राप्त भएमा तथा कम्पनी गाभ्ने, गाभीने तथा प्राप्ती गर्ने सम्वन्धमा आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समितीलाई अख्तियारी दिने।
(४) लगानी सम्वन्धमा।

**(ग) विवीध**

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी थप जानकारी:

१. वार्षिक साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८१/०५/३१ गते सोमबार १ दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ। साथै उक्त मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको साधारण सभामा भाग लिन सक्ने छन्।
२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।
३. शेयरधनी महानुभावहरुको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका बिहान ०८:३० बजे देखि खुल्ला रहनेछ।
४. साधारण सभा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, का.म.पा.-०३, महाराजगंज मा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन।
५. प्रतिनिधि नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वत: बदर हुनेछ।
६. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, का.म.पा.-०३, महाराजगंजमा सम्पर्क राख्नुहुन समेत अनुरोध गरिन्छ।